**NMB BANK LIMITED**
**एनएमबि बैंक लिमिटेड**

# एनएमबि क्रेडिट कार्ड आवेदन फारम

कृपया आवेदनका साथ निम्नलिखित कागजातहरू पेश गर्नुहोस्

प.सं.

- तपाईंको आवेदनको प्रक्रिया तत्काल अघि बढाउनका लागि, कृपयाः
  - » सफासँग बुझिने गरी क्यापिटल लेटरमा लेख्नुहोस् ।
  - » लागू हुने भए कोष्ठभित्र चिन्ह लगाउनुहोस् र नहुने भए NA लेख्नुहोस् ।
- निम्न कागजातहरू संलग्न गर्नुहोस् ।
  - » नागरिकता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि
  - » हालसालै खिचिएको पासपोर्ट साइजको फोटो
  - » तपाईंको निजी गाडीको ब्लु बुकको प्रतिलिपि (उपलब्ध भएसम्म)
  - » तपाईंको जग्गाको लालपूर्जाको प्रतिलिपि (उपलब्ध भएसम्म)
- तलबी कर्मचारी वा पेशागत ब्यक्तिहरूको हकमा
  - » कार्यालयको लेटरप्याडमा तलब खुलेको प्रमाण पत्र
  - » अन्तिम ६ महिनाको तलबी खाता विवरण
- स्व-रोजगारको हकमा
  - » दर्ता प्रमाण-पत्रको प्रतिलिपि
  - » कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि
  - » पछिल्लो वित्तीय विवरणको प्रतिलिपि

फोटो

पुनश्चः
- प्राइमरी कार्ड आवेदकको उमेर २२ वर्षभन्दा माथि हुनु पर्नेछ । पूरक कार्ड आवेदकको उमेर १६ वर्षभन्दा माथि हुनु अनिवार्य छ ।
- क्रेडिट कार्ड आवेदनको लागी मासिक आम्दानीका सम्बन्धमा तलबी आवेदकको न्यूनतम मासिक आम्दानी ने.रू. १०,०००/- र स्व-रोजगार आवेदकको न्यूनतम मासिक आम्दानी ने.रू. १२,०००/- हुनु पर्नेछ ।
- आबद्धता शुल्क पहिलोपटक कार्ड जारी गर्दा एकपटकको लागि लिइनेछ । वार्षिक शुल्क कार्ड जारी गरेको मितिमा हरेक वर्ष लिइनेछ । पूरक कार्ड शुल्क प्रत्येक पटक कार्ड जारी गर्दा लिइनेछ ।
- कार्ड शुल्कहरू समयसापेक्ष परिवर्तन हुन सक्दछ् र आवेदकलाई त्यस्तो परिवर्तित शुल्क तिर्न सहमत हुनु पर्नेछ ।

## व्यक्तिगत विवरण

प्रारम्भिकः ☐ श्रीमान् ☐ श्रीमती ☐ सुश्री ☐ अन्य

नामः ______ लिङ्गः ☐ पुरूष ☐ महिला ☐ अन्य ______

जन्म मिति (गते/महिना/वर्ष): ______ उमेरः ______ वैवाहिक अवस्थाः ☐ एकल ☐ विवाहित ☐ अन्य ______

बुवाको नामः ______ आश्रीत परिवार संख्याः ______

हजुरबुवाको नामः ______

राष्ट्रियताः ______ नागरिकता/पासपोर्ट नं.: ______ जारी मितिः ___/___/___ जारी गरिएको जिल्लाः ______

शैक्षिक योग्यताः ☐ स्नातकोत्तर ☐ स्नातक ☐ उच्च शिक्षा ☐ अन्य (विशेष) ______

## आवसीय विवरण

बसोबासको किसिमः ☐ भाडा ☐ आफ्नै ☐ अभिभावकको स्वामित्व भएको ☐ कम्पनी सुविधा ☐ अन्य ______

घर नं.: ______ वडा नं.: ______ सडक/गल्लिको नाम ______ गा.वि.स./महानगरपालिका ______

हालको स्थानमा बसेको वर्ष ______ फोन नं. ______ मोबाइल नं. ______

## पेशाको विवरण

☐ तलबी रोजगार सम्बद्ध संस्थाः ☐ प्रा. लि. ☐ सार्वजनिक निकाय ☐ आइएनजिओ/एनजिओ ☐ अन्य ______

☐ स्वरोजगार भएमा तपाईंको पेशाः ☐ चार्टर्ड एकाउण्टेण्ट ☐ डाक्टर ☐ इन्जिनियर ☐ व्यवसायी ☐ अन्य ______

कम्पनीको नामः ______ व्यवसायको प्रकृतिः ______

पदः ______ विभागः ______

ठेगानाः ______

फोन नं.: ______ फ्याक्स नं.: ______

हालको संस्थामा काम गरेको वर्षः ______ यसभन्दा अघिको संस्थामा काम गरेको वर्षः ______

## आय विवरण

मासिक तलबः ______________________ मासिक व्यवसाय आम्दानीः ______________________

## सवारी साधनको विवरण

तपाईंको गाडीको प्रकारः ☐ चार पाँग्रे ☐ २ पाँग्रे ☐ कुनै पनि होइन

स्वामित्व ☐ आफ्नै ☐ कम्पनी सुविधा ☐ वित्तीय लगानी दर्ता नं.: ______________________

## पत्राचार ठेगाना

तपाईंको स्टेटमेण्ट/पत्राचार पठाउनु पर्ने इमेलः

इमेल ठेगानाः ______________________

## बैंक खाता सम्बन्धी विवरण

| बैंक | शाखा | खाता नं. | खाता खोलेको मिति |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

## अन्य क्रेडिट कार्ड सम्बन्धी विवरण

| बैंक | क्रेडिट सीमा | जारी मिति | म्याद समाप्त हुने मिति |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

## एनएमबि बैंक लि.को खातावालाको लागि जारी स्थायी निर्देशन सुविधा

☐ हो, म मेरो क्रेडिट कार्ड भुक्तानीको लागि मेरो खाता प्रत्येक महिना स्वतः डेबिट गराउन चाहन्छु ।

एनएमबि बैंक खाता नं.: ☐☐☐☐☐☐☐☐☐☐☐☐ बैंक खाताको नामः ______________________ मुद्राः ______________________

मासिक भुक्तानीः ☐ बक्यौता मौज्दातको १००% ☐ बक्यौता मौज्दातको १०% वा ने.रू. १,०००/- ☐ ________ बक्यौता मौज्दातको %

पुनश्चः म बैंकलाई माथि उल्लेखित खाताबाट डेबिट गर्ने अधिकार प्रदान गर्दछु र रोजिएको मासिक भुक्तानीको लागि स्वतः डेबिट स्थायी निर्देशन, स्टेटमेण्टको मितिमा लागू हुनेछ भन्ने मैले राम्ररी बुझेको छु । यसको अर्थ बिलम्ब भुक्तान शुल्क वृद्धि हुन नदिन मिति बाँकी छँदै मेरो कार्ड खातामा जम्मा गर्नु हो । मलाई थाहा छ र मेरो सहमती छ कि यदि माथि उल्लेख गरिएको बैंक खातामा रोजेको मासिक भुक्तानी/बाँकी रकम अपूग हुने गरी अपर्याप्त मौज्दात भएमा बाँकी मिति भित्र रोजेको मासिक भुक्तानी रकम/बाँकी रकम खातामा जम्मा गर्ने मेरो जिम्मेवारी हुनेछ अन्यथा तोकिएको बिलम्ब भुक्तान शुल्क लागु हुनेछ ।

## पूरक कार्डको लागि आवेदनः

तपाईंले पूरक कार्ड(हरू) आफ्नो पति पत्नी, अभिभावकहरू वा बच्चाहरूका निम्ति माग गर्न पाउनु हुनेछ र पूरक कार्ड(हरू)मा लाग्ने सम्पूर्ण दस्तुरहरूको तिर्ने जिम्मेवारी तपाईंको हुनेछ ।

प्रारम्भिकः ☐ श्रीमान् ☐ श्रीमती ☐ सुश्री ☐ अन्य ______________________

फोटो

नामः ______________________

जन्म मितिः ______________________ उमेरः ______________________

नागरिकता/पासपोर्ट नं.: ______________________ जारी मितिः ______________________ जारी गरिएको जिल्लाः ______________________

प्रमुख कार्डहोल्डरसँगको नाताः ☐ पति/पत्नी ☐ अभिभावक ☐ छोरा ☐ छोरी

पिताको नामः ______________________

मोबाइल नं.: ______________________ ई-मेल ठेगानाः ______________________

के तपाईं तपाईंको पूरक कार्डको लागि प्रत्येक पटकको बिलिङ्ग खर्चको सीमा तोक्न चाहनु हुन्छ ?

☐ चाहन्छु ☐ चाहँदिन यदि चाहनु हुन्छ भने प्रति महिनाको रकम (ने.रू.) ______________________

______________________
पूरक कार्डहोल्डरको हस्ताक्षर

महोदय/महोदया,

हाम्रो क्रेडिट सुविधाहरू र अन्य बैंकहरू/वित्तीय संस्थाहरूको सुविधाहरू बीचको तुलनात्मक विवरणः

| क्रेडिट सुविधा प्रदान गर्ने अन्य बैंकहरू/वित्तीय संस्थाहरू | अन्तिम सीमा/बक्यौता मिति* *(गएको त्रैमासिकको अन्त्यभन्दा बढी हुनु हुँदैनः गएको महिनाको अन्त्यलाई मान्य हुने) | | तिर्न बाँकी हो/होइन (यदि हो भने मिति तोक्नुहोस्) |
|---|---|---|---|
| | तोकिएको सीमा | बक्यौता | |
| १.................................. बैंक/वित्तीय संस्था<br>चालु पूँजी कर्जा<br>आवधिक कर्जा<br>अन्य कर्जाहरू/सुविधाहरू<br>गैर वित्त सुविधाहरू | | | |
| जम्मा | | | |
| २.................................. बैंक/वित्तीय संस्था<br>चालु पूँजी कर्जा<br>आवधिक कर्जा<br>अन्य कर्जाहरू/सुविधाहरू<br>गैर वित्त सुविधाहरू | | | |
| जम्मा | | | |
| कूल जम्माः | | | |

कृपया, स्थान नपुगेमा अथवा सम्पति/जग्गाको विवरण तथा कुनै अन्य कैफियतहरूको अतिरिक्त विवरणहरू लेख्नु परेमा थप पानाहरू संलग्न गर्नुहोस् ।

म/हामी माथि दिइएको विवरण ठिक/साँचो भएको पुष्टि गर्दछु/गर्दछौं । यदि उपलब्ध गराइएको विवरणहरू झुठा ठहर भएको खण्डमा म/हामी त्यसको सम्पूर्ण जिम्मेवारी बहन गर्न राजी छु/छौं र बैंकले हामीलाई/मलाई प्रचलित कानून बमोजिम मुद्दा चलाउन मञ्जुर गर्दछौं/गर्छु ।

## एनएमबि बैंक क्रेडिट कार्डको सदस्यता सम्बन्धमा शर्त तथा बन्देजहरू

**परिचय**

एनएमबि बैंकको क्रेडिट कार्डको क्षेत्रमा स्वागत छ । तपाईल आफ्नो कार्ड प्रयोग गर्नु अघि एनएमबि बैंकको क्रेडिट कार्डको प्रयोगको नियम र शर्तहरूको पढनु र बुझ्नुभएको छ भन्ने कुरा महत्वपूर्ण हुन्छ । यहाँ एनएमबि बैंकको क्रेडिट कार्ड योजनाको सदस्यको रूपमा तपाईको अधिकार र दायित्वहरू विस्तृत रूपमा उल्लेख गरिएको छ । यसैले यो पढेर र बुझेर तपाईले कुनैपनि अनाधिकृत कारोवार हुनबाट बच्न र अधिकतम फईदा प्राप्त गर्न सक्नुहुन्छ । तपाईको यस सुविधा पत्रको स्वीकृति, एनएमबि बैंकको क्रेडिट कार्डको पहिलो प्रयोगको लागि उल्लेखित नियम र शर्तहरू बमोजिमको हुनेछ । पछिल्लो पटक अपडेट गरिएको नियम र शर्तहरूको लागी कृपया धधध।लदद।अक।लउ मा भिजिट गर्नुहोस् ।

**परिभाषा**

१. बैंकको अर्थ एनएमबि बैंक लिमिटेड र यसको उत्तराधिकारीहरू र क्रेडिट कार्ड जारी गर्न इजाजत प्राप्त संस्थाहरू बुझिनेछ ।

२. एटिएमको अर्थ एक स्वचालित टेलर मेसिन वा कुनै पनि कार्ड सञ्चालित मेसिन वा उपकरण जहाँ समान बैंक वा अन्य सहभागी बैंकहरू, वित्तीय संस्थाहरू वा अन्य एटीएम सेवा प्रदायकहरूलाई बुझाउनेछ ।

३. कार्डको अर्थ बैंकले कार्डहोल्डरलाई जारी गरेको एनएमबि बैंकको क्रेडिट कार्डलाई बुझाउछ र यसमा प्राथमिक, पुरक र प्रतिस्थापन कार्ड समावेश छ । कार्ड आन्तरिक (डोमेस्टिक) कार्ड हो जुन नेपाल, भारत र भुटानमा मात्र मान्य हुन्छ जहाँ कार्डहोल्डरलाई नेपाली रूपैयामा बिल गरिनेछ ।

४. कार्डहोल्डर (एक सदस्यको रूपमा पनि चिनिन्छ) भन्नाले त्यो व्यक्ति जससंग कार्ड रहेको व्यक्तिको नाम बैंकद्वारा जारी गरिएको हुन्छ र प्राथमिक र पुरक कार्डहोल्डरहरू लगायत पर्दछन् ।

५. कार्ड कारोवार भनेको सामानहरू वा सेवाहरू, सुविधाहरू वा रिर्जभेशनको खरिदको अर्थ हो (हवाई, समुन्द्र, रेल वा मोटर यातायातको लागी सीमित रिर्जभेशन बिना वा होटल वा अन्य बस्ने ठाउँ वा आवास अन्य भाडा वा भाडामा प्रयोग गरिन्छ वा गर्दैन) कार्डहोल्डरले कार्ड वा पिनको प्रयोग गरेर वा कुनै अन्य तरिकामा सीमित मेल, टेलिफोन वा फ्याक्सिमाईल आदेशहरू, बिक्रि पर्ची बिनानै वा नगद अग्रिम वा अन्य भउचरलाई नगरी अग्रिम प्राप्त गर्दै वा कार्डहोल्डरले हस्ताक्षर गरेको स्वरूपमा अग्रिम नगद झिक्नुलाई बुझाउँछ ।

६. नगद एडभान्स भनेको कार्ड, कार्ड नम्बर वा पिन वा अन्य कुनै बैंक वा वित्तीय संस्था वा एटीएम कार्ड खाताबाट डेबिटको लागी कार्डहोल्डरबाट आधिकारीक वा अन्य कुनै तरिकाबाट झिकिएको कुनै पनि रकम हो ।

७. कार्ड खाता भन्नाले क्रेडिट कार्ड होल्डरको सबै क्रेडिट र डेबिट कारेवारहरूको लेखा राख्ने उद्देश्यले बैंकले कायम गरेको क्रेडिट कार्ड खातो हो ।

८. शुल्क भन्नाले कार्डहोल्डरले कार्डको प्रयोग बापत भुक्तान गर्नु पर्ने शुल्क हो, जसमा शुल्कका अतिरिक्त खर्च, क्षति कानूनि खर्च जुन कार्ड खाताबाट र बक्यौता ब्यालेन्सबाट डेबिट गरिनेछ ।

९. क्रेडिट कार्ड सीमा भनेको बैंकद्वारा स्वीकृत र सल्लाह दिईएको क्रेडिट सिमा हो र सदस्यलाई समय-समयमा सल्लाह दिईएको डेबिट ब्यालेन्स वा बैंकले निर्धारण गरिदिएको कार्डको प्रयोगको प्रतिनिधित्व गर्दछ ।

१०. बक्यौता मौज्दात रकम भन्नाले कार्ड खाताको लागी बैंकलाई भुक्तानी योग्य रहेको कूल डेबिट खाताको स्टेटमेन्टको मितिमा बैंकमा रहेको रेकर्डमा उल्लेख भए अनुशार हुनेछ ।

११. धरौटी भन्नाले बैंकलाई सुरक्षणको रूपमा बैंकद्वारा आवश्यकता अनुरूप सदस्यको दायित्वको प्रस्तुतिको लागी सम्बन्धित खातामा राखिएको रकमलाई बुझाउँछ र जसमाथी बैंकको ग्रहणाधिकार रहन्छ ।

१२. व्यापारीको अर्थ कुनै पनि कर्पोरेट इकाई, व्यक्ति वा अन्य प्रकारको संस्था जसले वस्तु वा सेवाहरू प्रदान गर्दछ र कार्डलाई भुक्तानीको माध्यमको रूपमा स्वीकार गर्दछ ।

१३. न्यूनतम बाँकी रकम त्यो न्यूनतम रकम हो जुन भुक्तानी बाँकी मिति भित्र तिर्नु पर्नेहुन्छ । न्यूनतम रकम बैंक र कार्डहोल्डरको आपसी सहमतिमा निधारण गरिन्छ ।

१४. स्टेटमेण्ट मिति भनेको त्यो दिन हो जुन दिनमा खाताको स्टेटमेण्ट तयार पारिएको हुन्छ ।

१५. भुक्तानी बक्यौता मिति भनेको खाताको स्टेटमेण्टमा उल्लेख गरिएको मितिको विवरण हो जुन मितिमा न्युनतम बक्यौता रकम वा बाँकी ब्यालेन्सको भुक्तानी कार्ड होल्डरले बैंकलाई गर्नुपर्छ ।

१६. पिन एटिएम कार्ड प्रयोग गर्नका लागी कार्ड होल्डरलाई जारी गरिएको व्यक्तिगत पहिचान नम्बर का संक्षिप्त परिचय हो ।

१७. प्राथमिक कार्डहोल्डर भनेको त्यो व्यक्ति हो जसले सफलतापूर्वक कार्डको आवेदन गरेको छ र जसको लागी बैंकले कार्ड खाता खोलेको छ । प्राथमिक कार्डहोल्डरलाई प्राथमिक कार्ड जारी गरिनेछ ।

१८. सप्लिमेन्टरी (पूरक) कार्डहोल्डरहरू भनेको प्राथमिक कार्डहोल्डरको अनुरोध, जोखिम र जिम्मेवारी सहित पूरक कार्ड जारी गरिएको व्यक्ति हो ।

१९. खाताको विवरण भनेको कार्डहोल्डरलाई जारी गरिएको बैंकलाई भुक्तान योग्य बाँकी रहेको ब्यालेन्सको विवरण हरहिसाव उल्लेख भएको क्रेडिट कार्ड स्टेटमेण्ट हो ।

२०. खर्च सीमा भन्नाले बैंकले कार्डहोल्डरलाई स्वीकृत गरेको क्रेडिट सीमा भित्र प्राथमिक कार्ड होल्डरको निर्देशन अनुसार पूरक कार्डहोल्डरलाई तोकिएको उप-सीमा हो ।

**कार्डको प्रयोगः**

१. कार्ड सधै बैंकको सम्पति रहनेछ र बैंक वा यसका अधिकार प्राप्त एजन्टले माग गर्ने वित्तिकै सुम्पिनु पर्नेछ ।

२. कार्ड एकले अर्कोलाई ट्रान्सफर गर्न सकिने छैन र कार्ड होल्डरको विषे प्रयोगलागी मात्र हो । कार्ड होल्डरले अर्को व्यक्तिलाई प्रयोग गर्न अनुमति दिनेछैन् ।

३. कार्ड सधै सुरक्षित राख्ने दायित्व कार्ड होल्डरकै हुनेछ ।

४. नयाँ/नविकरण भएको कार्ड प्राप्त भएपछि कार्ड होल्डरले तुरून्त कार्डको पछाडि हस्ताक्षर गर्नुपर्नेछ र क्रेडिट कार्ड अफर लेटरको हस्ताक्षर वा स्वीकृती वा कार्डको पहिलो प्रयोग (जुन पहिले हुन्छ) ले कार्डहोल्डरलाई सम्पुष्टि (कन्फर्मेशन) को लागी बाध्यकारी गराउँदछ ।

५. कार्डहोल्डरले कार्डमा हस्ताक्षर नगरेसम्म कार्ड मान्य हुने छैन् ।

६. कार्ड निम्न अवस्थामा प्रयोग गर्न सकिन्छ :

क) बैंकद्वारा स्वीकृत क्रेडिट सीमा भित्र र

ख) कार्डमा अंकित गरिएको मान्यता प्राप्त अवधि भित्र

७. हराएको, म्याद सकिएको, बिग्रिएको वा थप कार्डहरूको प्रतिस्थापनको अनुरोधमा बैंकले आफ्नो विवेकसम्मत तवरले निर्णय लिनेछ ।

८. बैंकले क्रेडिट कार्ड सीमा घटाउने वा फिर्ता लिने र कार्डको उपयोग प्रतिबन्ध गर्ने अधिकार आफैमा राखी राखेको हुन्छ र कार्डहोल्डरले कुनै पनि कारण वा दायित्व निर्दिष्ट नगरीकनै कुनै पनि समयमा कार्ड मार्फत गरेको कुनै पनि कारोवारको अधिकारपत्र अस्वीकार गर्ने अधिकार बैंकसंग सुरक्षित रहन्छ ।

९. कार्डहोल्डरले सेल्सस्लिप/भउचरमा हस्ताक्षर गरिसकेपछि उक्त कारेवारको भुक्तानी रोक्न दिईको निर्देशन दर्ता गरिने छैन् ।

१०. वैधानिक प्रावधानः

यसमा जे उल्लेख गरिएको भएतापनि सबै कार्ड कारोवारहरूमा नेपाल राष्ट्र बैंकले समय समयमा जारी गर्ने निर्देशन एवं नियमहरू लागु हुनेछन् । त्यसको सम्बन्धमा बेला बेलामा अपडेट र परिमार्जित गराईनेछ ।

कृपया स्मरण गराउन चाहन्छौं :

क) आन्तरिक (डोमेस्टिक) कार्डको प्रयोग नेपाल, भारत र भुटानमा मात्र गर्न सकिनेछ र अन्य कुनै पनि देशहरूमा प्रयोग गर्न पाइनेछैन् । आधिकारिकता प्राप्त नभएका देशहरूमा त्यस्ता कार्डहरूको प्रयोग गर्नाले नेपाल राष्ट्र बैंक वा अन्य निमायक निकायद्वारा तोकिएको वित्तीय कार्यवाही र वा उपयूक्त कानुनी उपचार सहित तत्काल रद्द गर्न उचित ठहऱ्याईनेछ । नेपाल राष्ट्र बैंक, बैंक अथवा अन्य नियामक निकायहरूले कार्डहोल्डर विरूद्धमा गरिने कुनै पनि हक अधिकार, प्रतिकार वा कार्यवाही प्रति पूर्वाग्रह नराखी पूनर्भुक्तानी गर्ने र सबै बाँकी बक्यौता मौज्दातहरू राफसाफ गर्ने दायित्व सदस्यको हुनेछ ।

ख) अधिकतम रकम प्रति दिनको लागी ने.रू. १०,०००/- र प्रति महिना भा.रू. १००,०००/- सम्मको वा नेपाल राष्ट्र बैंकले तोकिदिए बमोजिम हुनेछ, भारत भ्रमणमा रहेको समयमा नगद एडभान्स फिक्न पनि सकिनेछ ।

११. नगद एडभान्सहरू बैंकले समय समयमा किटान गरेको सीमाभित्र र क्रेडिट सीमाको उपलब्धतामा निर्भर रहेर कुनै एटीएम वा भिजा ईन्टरनेशनलको सदस्य रहेको वित्तीय संस्था वा एटिएमबाट क्रेडिट लिमिटको उपलब्धता अनुशार बैंकको सीमाभित्र प्राप्त गर्न सकिनेछ ।

१२. नगद एडभान्स प्राप्त गर्न कार्डको प्रयोगलाई बैंकले समय समयमा सिफारिस गरेको प्रत्येक नगद एडभान्समा ब्याज चार्ज र नगद एडभान्स शुल्क तिर्ने सदस्यको सम्झौता रहेको मानिनेछ ।

१३. सदस्य बैंकले लिखित रूपमा सीमा बढाउन सहमती नदिएसम्म सुझाईएको क्रेडिट सीमाभित्र सम्पूर्ण बक्यौताहरू बाँकी राख्ने सुनिश्चित गर्दछ । यदि क्रेडिट सीमा नाघेमा सदस्यले सीमा नियमित गर्न नाघेको रकम तुरून्तै भुक्तानी गर्नेछ र लाग्ने अधिक सीमा दस्तुर तिर्नको लागी सहमति गर्नेछ ।

१४. पिनको गोपनियता राख्नु कार्ड होल्डरको दायित्व हो । कार्ड र पिन अलग अलग स्थानमा राख्न गहन सुझाव दिईन्छ । कार्डहोल्डरले कार्डको कुनै पनि अनाधिकृत प्रयोग, असावधानीपूर्वक प्रयोग र क्षतिको लागी स्वयं उत्तरदायी हुनेछ ।

१५. बैंकको रेकर्डमा भएको पिनसंग सम्बन्धित कुनैपनि कारोवार कार्डहोल्डरसंग बाध्यकारी हुनेछ ।

१६. म्याद समाप्त हुनु अघि न्यूनतम बक्यौता भुक्तान गरिएको सबै कार्डहरू म्याद समाप्त भएपछि स्वचालित रूपमा नवीकरण हुनेछ र स्ट्याण्डर्ड शुल्क लागु हुनेछ ।

१७. यदि कार्डहोल्डरलाई कार्ड नवीकरण गर्ने ईच्छा नलागेमा, समयावधि समाप्त हुने ६० दिन अगावै लिखित रूपमा बैंकलाई सूचित गर्नुपर्नेछ । यस सम्बन्धमा म्याद समाप्त हुनुभन्दा ३० दिन अघिसम्म पनि कुनै जानकारी प्राप्त नभएमा बैंकले त्यसमा कुनै कार्यवाही गर्ने छैन र कार्डको नवीकरण प्रक्रिया बुँदा १६ बमोजिम स्वतः भईजानेछ ।

१८. कार्ड जारी भएको मितिले ३० दिन भित्र कार्ड बुझ्न नआएमा कार्ड स्वतः नष्ट गरिनेछ र सम्बन्धित कार्ड खाता पनि बन्द हुनेछ । यदि कार्डहोल्डरले कार्ड खाता पुनः सुचारू गर्न चाहेको खण्डमा, बैंकले निर्धारण गरे अनुशार प्रक्रिया शुल्क लिईनेछ ।

१९. म्याद सकिएको कार्ड बायाँ माथि देखि दायाँ तल्लो भाग आधि तेर्सो गरि काटेर नष्ट गर्नुपर्नेछ ।

**भुक्तानीः**

१. भुक्तानी कार्डहोल्डरको खाताको स्टेटमेण्टमा पोष्टिङ्ग भएको दिनबाट हुनेछ । कृपया, स्मरण रहोस् कि अन्य वित्तीय संस्थामा जारी गरिएको चेकको रकम सो चेक प्रशोधन भएपछि मात्र लागु हुनेछ/चेक क्लियर भएपछि तपाईको कार्ड खाताबाट पोष्ट गरिनेछ ।

२. कार्डहोल्डरले गरेको सबै भुक्तानी कार्ड खाताको विलिङ्ग मुद्रामा लागु हुनेछ । कथंकदाचित, अन्य मुद्राबाट भुक्तानी भएमा बैंकले भुक्तानी वापत्को रकममा सो दिनको विनिमय दरलाई लागू गर्नेछ।

३. ब्याज शुल्क लगायत सबै शुल्कहरू कार्ड खातामा पोष्ट गरिनेछ र बैंकलाई तिर्नुपर्ने कुल रकमको एउटा अंश हुनेछ ।

४. यदि बाँकी भुक्तानी मिति वा अघि बैंकलाई पुरा भुक्तानी गरिएको छ भने कार्डहोल्डरलाई नगद एडभान्समा बाहेक कुनैपनि ब्याज, शुल्क व्यहोनु पर्ने छैन् ।

५. कार्डहोल्डरले बाँकी ब्यालेन्सलाई पूर्ण रूपमा छिनोफानो नगर्न र आंशिक भुक्तानी योजनाको लागी छनौट गर्न सक्नेछ, त्यस्तो अवस्थामा कार्डहोल्डरले थोरै न्यूनतम रकम १००० बाँकी रहेको ब्यालेन्स वा ने.रू. १,००० जुन बढि छ र पहिले तिर्नु पर्ने छ । यदि बाँकी भुक्तानी ने.रू. १,००० भन्दा कम छ भने सबै ब्यालेन्स पूर्णरूपमा बाँकी हुनेछन् । यदि न्युनतम बक्यौता रकम भुक्तानी मितिमा तिरिएको छैन र आशिंक मात्र तिरिएको छ भने ब्यालेन्स रकम अर्को महिनाको न्युनतम बक्यौता भुक्तानीमा गाभिनेछ ।

६. खाताको स्टेटमेण्टमा उल्लेख भएको मितिभित्र न्यूनतम भुक्तानी रकम बुझाउन असमर्थ भएमा बिलम्ब भुक्तानी शुल्क लाग्नेछ ।

७. कार्डहोल्डरले बैंकलाई भुक्तानी गर्ने मितिमा वा सो मितिभन्दा पछि यदि बक्यौता मौज्दातभन्दा कम तिरेमा वा समग्रमा कनैपनि भुक्तानी गर्न असफल भएमा, त्यसपछि दिइएको दर बमोजिम ब्याज दस्तुर दैनिक रूपमा गणना गर्दै स्टेटमेण्ट मितिदेखि बक्यौता मौज्दातमा लागू गरेर कार्ड खातामा कुनै पनि भुक्तानीहरू जम्मा नगरेसम्म र त्यसपछि घटेको मौज्दातमा लागू हुनेछ ।

८. कार्डहोल्डरबाट यस कुरामा सहमत हुनेछ कि यदि कार्ड खाता मातहत बैंकलाई तिर्नु पर्ने रकम कार्डहोल्डरबाट बाँकी रहेमा, वा कार्डहोल्डर कुनै पनि बैंक खाताहरू वा सुविधाहरूमा बैंक प्रति उत्तरदायी भएमा, वा यदि कार्डहोल्डर त्यस्तो खाताहरू वा सुविधाहरूको व्यवस्थामा दोषी भएमाः तब कार्ड खातामा भएको सम्पूर्ण बक्यौता मौज्दात तत्कालै बाँकी हुनेछ र कारेबार अन्त्य गर्ने अनुच्छेदका प्रावधानहरू तत्काल लागू हुनेछन् ।

९. बैंकको नियन्त्रणभन्दा बाहिरको परिस्थिति एवं अप्रत्यासित घटनाक्रमहरूका कारण तपाईंको खाताको स्टेटमेण्ट प्राप्त नभएकोले मासिक न्यून बाँकी रकमको भुक्तानी स्थगित वा ढिलाईलाई औचित्य पुष्टि हुने छैन । कार्डहोल्डरले पत्राचार गर्ने ठेगाना (हुलाक वा इलेक्ट्रोनिक) परिवर्तन भएमा बैंकलाई तत्काल जानकारी गराउनु पर्नेछ । सकभर बैंकले स्टेटमेण्टहरू निर्धारित समयमै उपलब्ध गराउन हरसम्भव प्रयत्न गर्नेछ, कार्डधारकलाई अन्तिम भुक्तानीयोग्य मौज्दात जाँच गर्न अपेक्षाकृत समयमा वा कारणवश त्यस्तो स्टेटमेण्ट प्राप्त नभएमा बैंकमा सम्पर्क राख्न हुन आग्रह गरिन्छ ।

१०. काडहोल्डरले देहायका शर्तहरूको अधिनमा रहेर भुक्तानी प्रयोजनका लागि एनएमबि बैंकमा विद्यमान अन्य खाताहरू प्रयोग गर्न स्वतः डेबिट विकल्प चयन गर्न सक्नेछन् ।

क) स्वतः डेबिट मासिक भुक्तानीका लागि रोजिए सरहको बक्यौता मौज्दातको न्यूनतमदेखि १००% सम्मको कुनै पनि रकमका लागि निर्देशित गर्न सकिन्छ ।

ख) स्वतः डेबिट निर्देशन स्टेटमेण्ट मितिमा प्रक्रिया अघि बढ्नेछ र भुक्तानी बाँकी मितिको पर्वाह नगरी कार्ड खातामा जम्मा हुनेछ ।

ग) कार्डहोल्डरले छानेको बचत तथा चल्ती खाताहरूमा पर्याप्त जम्मा रकम वा स्वतः डेबिट निर्देशन प्रक्रिया अघि बढाउनलाई मौज्दात उपलब्ध भएको सुनिश्चित् गर्नु पर्छ । कृपया, स्मरण रहोस् कि स्वतः डेबिट अन्तर्गत आँशिक भुक्तानी प्रक्रियाको काम कार्यवाही संचालन हुँदैन । यदि तोकिएको खातामा अपर्याप्त मौज्दात भएको कारणले स्वतः डेबिट प्रक्रिया असफल भएमा बैंकले सबै आगामी महिनाहरूका लागि स्वतः डेबिट निर्देशन रद्द गर्ने अधिकार सुरक्षित राख्दछ र कार्डहोल्डरलाई सिधा नगद वा चेकद्वारा भुक्तान गर्न भनिनेछ ।

११. चेकमार्फत् गरिने भुक्तानीका हकमा बैंकको नीति अनुसार चेक प्रशोधन कार्य गरिन्छ । यदि चेक फिर्ता भएमा निश्चित दस्तुर बमोजिम चेक फिर्ति शुल्क लागू हुनेछ । यस्तो अवस्थामा ग्राहकले शुल्कहरू र दस्तुरहरू सबै तिर्नु पर्नेछ ।

**कार्ड र पिन हराएमाः**

१. कार्डहोल्डरले कार्डको चोरी हुन वा हराउन नदिन सम्भव भएसम्मका सम्पूर्ण सुरक्षाका उपायहरू अपनाउनु पर्नेछ र पिनको गोपनीयता कायम राख्नु पर्छ ।

२. कार्ड हराएको अवस्थामा वा तेस्रो पक्षलाई पिनको जानकारी भएको शंका लागेमा कार्डहोल्डरले तत्कालै बैंकलाई र जहाँ घटना भएको छ त्यहीं देशको सम्बन्धित अधिकारीहरूलाई घटनाक्रम सहित तुरून्त खबर गर्नु पर्नेछ ।

३. कार्डहोल्डरले कार्ड उपयोग वापत् वा बिना जानकारी वा कार्डहोल्डरको अधिकारबाट गरिएका सम्पूर्ण कारोबारहरूको भुक्तानी गर्ने दायित्व बहन गर्नु पर्नेछ ।

४. कार्ड खाता (प्राइमरी वा पूरक) मा जारी गरिएका सबै कार्डहरू एकपटक हराएको वा चोरी भएको रिपोर्ट गरेपछि ती सबै रद्द गरिनेछन् । बैंकले प्राइमरी कार्डहोल्डरको आग्रहमा आफ्नो निर्णयमा सम्पूर्ण कार्डहरूको सेट फेरि जारी गर्नेछ ।

५. यदि हराएको वा चोरि भएको भनिएको कार्ड केही समयपछि कार्डहोल्डरले फेला पारेमा कार्डहोल्डरले तत्कालै त्यो कार्डलाई प्रयोग नगरी नष्ट गर्नु पर्छ । यसैगरी अरूले थाहा पाएको पिन पनि कुनै पनि अवस्थामा कार्डहोल्डरले फेरि प्रयोग गर्नु हुँदैन ।

**विवाद तथा समाधानहरूः**

१. खाताको स्टेटमेण्टमा गलतवश कुनै कारोबार पोष्ट भएको फेला परेमा स्टेटमेण्ट मितिले ३० दिन भित्रमा बैंकलाई जानकारी गराइसक्नु पर्नेछ, त्यसपछि बैंकले त्यस्तो कारोबार संशोधन गर्न वा मिलान गर्न असमर्थ हुनेछ । छानबिनका लागि बैंकमा निम्न बमोजिम सामान्य सूचनाहरू पेश गर्नु जरूरी हुन्छ ।

क) कार्डधारकको नाम र कार्ड नम्बरः

ख) सोधिएको कारोबारको विस्तृत विवरणः

ग) शँकास्पद त्रुटिमा उल्लेखित रकम

२. बैंकले मौखिक गुनासाको आधारमा छानबिन कार्य अघि बढाउनेछ तर कार्डहोल्डरले कार्यालयको रेकर्डका लागि लिखित रूपमा १० कार्य दिनभित्रमा सो गुनासो पेश गर्नु पर्दछ ।

३. बैंकले कार्डहोल्डरलाई छानबिन कार्यको लागि लाग्ने सम्भावित समयबारे जानकारी गराउँनेछ र उपयुक्त समयभित्र छानबिन कार्य पूरा भएपछि बैंकले कार्डहोल्डरलाई त्यसको जानकारी गराएर कार्ड खातामा समायोजन गरिदिनेछ ।

४. यदि छानबिनले कुनै प्रकारको त्रुटि नभएको पुष्टि गरेमा स्टेटमेण्ट मितिबाट ब्याज दस्तुरहरू लगाइनेछ, जहाँ कारोबार कार्ड खातामा पोष्ट गरेको हुन्छ । यदि छानबिनको क्रममा भाउचरहरूको प्रतिलिपि आदि बैंकको रेकर्डबाट वा अन्य संस्थाबाट पूर्ति गराउनु परेमा त्यसको लागि लागेको खर्चको भर्पाई कार्ड खाताबाट कट्टि गरिनेछ ।

**सम्झौताको अन्त्यः**

१. यस सम्झौताको अन्त्य गर्ने प्रयोजनका लागि कार्डको प्रयोगमार्फत् व्यहोरिएका तर कार्डहोल्डरको खातामा अझै दावी नगरिएका रकमसँगै कार्ड खाता (सबै पूरक कार्डहरू समेत) मा बक्यौता रहेका सम्पूर्ण रकमहरूको भुक्तानी राफसाफ तत्काल गरिनु पर्नेछ ।

२. कार्डहोल्डरलाई बैंकले कुनै पनि समयमा कार्ड खाता बन्द गर्न र सबै कार्डहरूको प्रयोग रोक्न लिखित रूपमा सूचित गर्नेछ र सबै कार्डहरूको आधा भाग काटेर बैंकमा फिर्ता गर्नु पर्नेछ । बैंकमा सबै कार्डहरूको काटिएको आधा भाग बुझाएपछि र कर्जा खाता मातहतका दायित्वहरू र सबै दस्तुरहरू पूरा भुक्तान गरेपछिमात्र कार्ड खाता बन्द गरिनेछ ।

३. पूरक कार्डहोल्डरको कार्ड अन्त्य गराउने स्थितिमा सबै कार्डहोल्डरहरू लगायत पूरक कार्डहोल्डर जसको कार्डको प्रयोग अन्त्य गरिने हो र यो संयुक्त रूपमा निरन्तर रहनेछ र यी शर्त तथा बन्देजहरू बमोजिम सम्पूर्ण दस्तुरहरू एवं दायित्वहरूका लागि बैंकप्रति उत्तरदायी रहन्छ ।

४. बैंकले कुनै पनि समयमा सबै वा कुनै कार्ड(हरू) लाई बोलाउन सक्नेछ र कार्डहोल्डरलाई अग्रीम सूचना दिएर वा नदिएर यसको/तिन्को प्रयोग अन्त्य गराउन सक्छ । यस्तो अवस्थामा कार्डहोल्डरले तत्काल त्यस्तो कार्ड(हरू) आधा भाग काटेर बैंकमा बुझाउनु पर्नेछ, साथै बैंक प्रतिका सम्पूर्ण दस्तुरहरू र दायित्वहरू पूरा चुक्ता गर्नु पर्नेछ ।

५ कार्डहोल्डरको मृत्यु, बैंक लिलामी, वा टाट पल्टेमा अथवा बैंकको अभिलेख अनुसार कार्डहोल्डरको पहिचान नखुलेमा बैंकले तत्काल कार्ड प्रयोगको अन्त्य गराउनेछ ।

६. कार्डहोल्डर र/वा कार्डहोल्डरको संरक्षक कार्ड खातामा सबै बक्यौता मौज्दातहरू व्यवस्थित गर्नका लागि जिम्मेवार रहनेछन् र त्यस्तो बक्यौता मौज्दात असुल उपर गर्न लागेका सबै लागत (वकालती खर्च र दस्तुरहरू) तथा खर्चहरू बैंकलाई क्षतिपूर्ति वापत् सोधभर्ना दिनु पर्नेछ ।

७. समय अगावै कार्डको अन्त्य गरिएको अवस्थामा पनि बैंकले वार्षिक सदस्यता शुल्क वापत्को कुनै पनि अंश फिर्ता गर्ने दायित्व बहन गर्दैन ।

८. कार्ड जारी गर्ने बखतमा सुरक्षण वापत् राखिएको धरौटी कार्ड अन्त्य गरिएको कम्तीमा ४५ दिनसम्म आफैमा सुरक्षित राख्ने अधिकार बैंकमा निहित रहन्छ ।

**दायित्वको निषेधः**

बैंकले तल उल्लेख गरिए बमोजिमको कुनै पनि अवस्थामा दायित्व बहन गर्ने छैन ।

१. कुनै पनि वित्तीय संस्था वा व्यापारी वा एटिएम वा अन्य कुनै पक्षले कार्ड कारोबार गर्न अस्वीकार गरेको वा कार्ड वा पिनको कार्ड नम्बरहरू सकार्न अस्वीकार गरेको वा विस्तार गर्न वा क्रेडिट सीमासम्म अग्रीम नगद उपलब्ध गराउन अस्वीकार गरेको वा सबै ।

२. कुनै पनि व्यापारी वा भिसा इनटरनेशनलको सदस्य संस्थाले मान्यता दिन वा कार्ड सकार्न असम्मति गरेको वा कुनै खराबीको लागि वा कुनै व्यापारीले कार्डहोल्डरलाई आपूर्ति गरेको सामानहरू वा सेवाहरूमा भएको खराबी वा, जहाँ लागू हुन्छ, एक व्यापारीले दर्शाएको गैरजिम्मेवारीपूर्ण व्यवहारको लागि ।

३. कुनै पनि एटिएमको खराबी वा सञ्चार प्रणालीमा आएको अवरोध ।

४. बैंकद्वारा गरिएको कार्डको आकृतिमा अँकित म्याद समाप्त हुनु अघि नै कार्डको खरीद समर्पण र माग गर्ने अधिकारको अभ्यास, चाहे त्यस्तो माग तथा समर्पण बैंकद्वारा वा कुनै अन्य व्यक्तिद्वारा वा एटिएमद्वारा बनाइएको होस् र /वा खरीद गरिएको होस् ।

५. बैंकद्वारा कुनै पनि कार्ड वा कार्ड खाता माथि उल्लिखित बुँदाहरूका कारणबाट अन्त्य गर्ने सम्बन्धमा गरिएको अभ्यास ।

६. कार्डहोल्डरको प्रतिष्ठा र क्रेडिटको विषयमा कार्डको पुनः निर्धारणबाट उत्पन्न भएको कुनै पनि आघात, यसको फिर्ताको लागि गरिएको कुनै आग्रह वा कुनै व्यक्तिले मान्यता दिन वा कार्ड अस्वीकार गरेको असहमति ।
७. यस बुँदा बमोजिम बैंकद्वारा कुनै विवरणहरू खुलासा गर्दा भएको कुनै पनि गलत स्टेटमेण्ट, गलत प्रतिनिधित्व, त्रुटि वा छुट ।
८. कार्डहोल्डर र कुनै व्यापारी वा वित्तीय संस्था वा अन्य कुनै पक्षबीच भएको विवाद । पुनश्चः यसप्रकार कार्डहोल्डर र कुनै व्यापारी वा वित्तीय संस्था वा अन्य कुनै पक्षबीच भएको विवादले बैंकसँगको कारोबारमा कुनै प्रकारको असर पर्ने छैन ।

**खुलासा र क्रेडिट जानकारी**

१. कार्डहोल्डरले कार्डहोल्डर र यसका घटनाहरू सम्बद्ध सूचनाहरू लगायत तर यो सम्झौताभन्दा बाहिर गएर नियामक निकायहरू, सरकारी अधिकारीहरू, बैंकको सहयोगी संस्थाहरू, शाखाहरू, नियुक्तहरू, एजेण्टहरू वा अन्य पक्षहरूलाई खुलासा एवं उपलब्ध गराउन बैंकलाई अधिकार तथा अनुमति प्रदान गर्दछ ।
२. बैंकले कार्डहोल्डरको कर्जा स्थितिका सम्बन्धमा उपयुक्त स्रोतहरू (कर्जा सूचना केन्द्र वा अन्य वित्तीय संस्था) बाट आवश्यक परेको बखतमा कार्डहोल्डरलाई जानकारी नदिई सूचना संकलन गर्ने अधिकार राख्दछ ।

**क्षतिपूर्तिः**

१. कार्डहोल्डरले बैंकलाई कार्ड हराएमा, बिग्रीएमा, दायित्वहरू, लागत र खर्चहरू चाहे कानूनी वा अन्य कुनै होस्, जसलाई यी शर्तहरू र बन्देजहरू वा कुनै उल्लंघन भएमा त्यसको क्षतिपूर्ति भर्पाई गर्न कार्डहोल्डर मञ्जुर गर्दछ । यस्तो अवस्थामा भए गरेका सम्पूर्ण खर्चहरूकार्ड खातामा डेबिट गरिनेछ र कार्डहोल्डरले त्यसको भुक्तानी गर्नु पर्नेछ ।

**सेट-अफ गर्ने अधिकारः**

१. कुनै अतिरिक्त सामान्य अधिकार वा कानूनद्वारा प्रदान गरिएका अन्य अधिकारहरू सेट-अफ गर्न, कार्डहोल्डरले बैंकले कुनै पनि समयमा बिना सूचना सबै वा कुनै खाता(हरू) एकल वा संयुक्त, बैंकसँग कुनै पनि मुद्रामा सेट-अफ गर्न वा क्रेडिटमा रहेको केही हिसाब स्थानान्तरण गर्न वा जे भएपनि समाहित र संयोजित गर्नलाई आफ्नो निर्णय प्रयोग गर्न सहमती प्रदान गर्दछ । यदि उल्लेख गरिएभन्दा फरक मुद्रा भएमा बैंकद्वारा निर्धारण गरिएको विदेशी मुद्रा विनिमय दर लागू गर्नेछ । साथै बैंकले बाँकी रकम अन्य कुनै पनि स्रोतहरूबाट उठाउन पाउने अधिकार सुरक्षित राख्दछ ।
२. एकपटक रिट वा उजुरी जारी भएपछि वा कार्डहोल्डरको बैंक लिलामी वा टाट पल्टेको प्रमाणित गर्न वा बैंकले विचार गरेको त्यस्तै अन्य कारणहरूका लागि कार्डहोल्डर लगायत अन्य कुनै पक्षको दायित्व जोगाउन बैंकलाई सक्षम पार्ने उद्देश्यले, कुनै पनि समय, स्थान र बैंकको विवेक अनुसार र कुनै पनि मध्यवर्ती दायित्व बिना बैंकले उपयुक्त मान्न सक्ने वा कार्डहोल्डरले क्रेडिटलाई राखेको अन्य कुनै सुरक्षण त्यस्तो समयको लागि राखिएको विगतमा प्राप्त पैसाहरू, पुनःप्राप्ती, वा यस अन्तर्गत महसुस गरेको वा बैंकले त्यसलाई लागू गर्नलाई बैंकको एक हिस्सा वा त्यसभित्रको कुनै हिस्सा वा बाँकी हरहिसाबहरूको फरफारक गर्न वा बैंकलाई स्वामित्व दिन ।

**सूचनाहरू**

१. कार्डहोल्डरको जागीर वा व्यवसाय वा आवासीय ठेगाना परिवर्तन भएमा वा यदि कार्डहोल्डर एक वर्षभन्दा बढी नेपाल बाहिर जाने भएमा अनिवार्य रूपमा बैंकलाई लिखित जानकारी गराउनु पर्नेछ ।
२. यदि कार्डहोल्डरले अन्य देशमा बस्ने गरी नेपाल छाडेर जाने भएमा प्राइमरी तथा पूरक कार्ड(हरू) सबै कार्डहोल्डरले आफू जानुभन्दा १४ दिन अगावै बैंकमा फिर्ता गर्नु पर्नेछ र सो कार्यले कार्ड तथा पूरक कार्ड(हरू)को प्रयोग अन्त्य भएको मानिनेछ र माथि उल्लेख गरिएका अन्य सम्बन्धी बुँदाहरू लागू हुनेछन् ।
३. कार्डहोल्डरद्वारा फ्याक्समार्फत् प्रेषित निर्देशनहरूलाई मान्यता दिइनेछ र कार्डहोल्डर र बैंक अनुबन्धित भई बैंकले त्यसै निर्देशनलाई आधार मानेर आफ्नै निर्णयमा प्रक्रिया अघि बढाउँनेछ । त्यसप्रकारका फ्याक्स मार्फत प्रसारणहरू प्रमाणको लागि अदालतमा पेश गर्न सकिनेछ ।
४. यी शर्त र बन्देजहरूको अधिनमा रही सबै कार्डहरू, पिन, खाताको स्टेटमेण्टहरू, माग गरिएकाहरू वा अन्य कुनै सञ्चारमार्फत कार्डहोल्डरको इमेल वा अन्य वा अन्तिम बिलिङ्गमा थाहा भएको ठेगानामा व्यक्तिगत रूपमा, विद्युतीय रूपमा वा साधारण हुलाक मार्फत् पठाइनेछ र त्यस प्रकारको सञ्चार कार्डहोल्डरलाई पठाइएको दिनबाटै यदि हातैमा उपलब्ध गराइएमा वा यदि विद्युतीय रूपमा पठाइएमा इमेल गरेको मितिमा वा यदि हुलाकबाट पठाइएमा र दर्ता गरिएपछि अर्को कार्य दिनमा शुरू भएको मानिनेछ ।
५. यस शर्त तथा बन्देजहरूको अधिनमा रहेर कार्डहोल्डर र पूरक कार्डहोल्डरलाई पठाइएका सबै सञ्चारहरू दुवैलाई प्रेषित सञ्चार मान्नु पर्नेछ ।

**सामान्यः**

१. कार्डहोल्डरले टेलिफोनबाट दिइएको निर्देशनहरू वा कार्डहोल्डरबाट व्यक्त अभिप्रायलाई ग्रहण गरेको कारणबाट बैंकले सामना गरेका विवादहरू, दावीहरू, प्रक्रियाहरू वा घाटाहरू विरूद्ध बैंकलाई क्षतिपूर्ति तिर्न लगाईनेछ ।
२. बैंकले कार्डहोल्डर सुविधाबाट सबै बाँकी हरहिसाबहरू संकलन गर्न कुनै एक एजेण्टलाई नियुक्त गर्न सक्नेछ ।

**एनएमबि क्रेडिट शुल्क तथा दस्तुरहरू**

| विवरण | दस्तुर |
|---|---|
| आवद्धता शुल्क/नवीकरण गर्दा लाग्ने शुल्क | रू. ७५०/- प्रति कार्ड |
| पूरक कार्ड शुल्क | रू. ७५०/- प्रति कार्ड |
| वार्षिक शुल्क (प्राइमरी वा पूरक कार्ड) | रू. ७५०/- प्रति कार्ड |
| प्रतिस्थापन शुल्क (हराएको बिग्रेको, नासिएको) | रू. ५००/- प्रति कार्ड |
| क्रेडिट सीमामा नगद एडभान्स | ५०% वा रू.१६,०००/(जुन कम हुन्छ) |
| एनएमबि एटिएमबाट नगद एडभान्स | रू. १०० वा २% (जुन अधिक हुन्छ) |
| अन्य बैंकको एटिएमबाट नगद एडभान्स | रू. २०० वा ४% (जुन अधिक हुन्छ) |
| भारतीय बैंकको एटिएमबाट नगद एडभान्स | रू. ३०० वा ५% (जुन अधिक हुन्छ) |
| नगद एडभान्समा ब्याज | २.५% प्रति महिना |
| अस्थायी सीमा वृद्धि | रू. ५००/- |
| स्थायी सीमा वृद्धि | रू. ७५०/- |
| बाँकी रकममा ब्याज (पिओएस) | २%* प्रति महिना |
| बिलम्ब भुक्तानी शुल्क | रू. ३०० वा २% (जुन अधिक हुन्छ) |
| तत्काल सूचीकृत शुल्क (हराएमा/चोरी भएमा) | रू. २५०/- |
| पिन पुन-निर्माण शुल्क | रू. १५०/- |
| सीमाभन्दा बढी निकालेको शुल्क (कार्डहोल्डरले तोकिएको क्रेडिट सीमाभन्दा १० प्रतिशत बढी उपभोग गर्न सक्छन्) | रू. ५००/- |
| स्टेटमेण्ट पुनः छपाई शुल्क | रू. १००/- |

*पुनश्चः २% ब्याजदर भुक्तानी दिन बाँकी मितिपछि पहिलो बिलिङ्ग चक्रमा लागू गरिनेछ । यसैगरी २.२५% र २.५% क्रमशः दोस्रो र तेस्रो बिलिङ्ग चक्रमा लागू हुँदै जानेछ ।

## स्वघोषणा

म यो स्वीकार्दछु कि यो आवेदन अस्वीकार गर्ने सम्पूर्ण अधिकार एनएमबि बैंकमा निहित छ । म एनएमबि बैंक वा यसका एजेण्टहरूले आवेदन सँग सम्बद्ध विषयका बारेमा सोधपुछ गर्नलाई आधिकारिकता प्रदान गर्दछु । मैले सदस्यता सम्बन्धित शर्त तथा बन्देजहरू राम्ररी अध्ययन गरेको छु र बुझेको छु र तिन्लाई निशर्तः पालना गर्न म मञ्जुर छु। यसैले मैले आवेदनमा हस्ताक्षर गरिदिएको छु । म घोषणा गर्दछु कि मैले यस फारममा उल्लेख गरेका सम्पूर्ण विवरणहरू मैले जानेबुझेसम्म ठिक साँचो हुन्, यदि झुठा ठहर भएमा कानून बमोजिम सहुँला ।

______________________

कार्ड आवेदकको दस्तखत

मितिः ______________________

(कृपया तपाइंको आवेदन फारम जाँच गर्नुहोस् । यदि तपाईंले सम्पूर्ण सम्बद्ध खण्डहरू पूर्ण नगर्नु भएमा कारवाही प्रक्रियामा बिलम्ब हुनेछ । आवश्यक कुनै पनि कागजातहरू अपुग भएमा आवेदनको कारवाही अघि बढ्ने छैन ।)